**नगर कार्यपालिका बैठक नं. ३२**
**स्थान: ठूलीभेरी नगरपालिकाको सभाहल**
**मिति: २०८२।०३।०४**

आज मिति २०८२ साल असार महिनाको ४ गते बुधबारका दिन यस ठूलीभेरी नगरपालिकाका नगर प्रमुख श्री श्रवर्ण कुमार बुढाज्यूको अध्यक्षतामा ३२ औं नगर कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ।

<u>उपस्थिति:</u>

| | | | |
|---|---|---|---|
| | श्रवर्ण कुमार बुढा | नगर प्रमुख | अध्यक्ष |
| | छिरिङ टोल्मा महत | नगर उप-प्रमुख | सदस्य |
| | तेजेन्द्र बहादुर रोकाया | वडाध्यक्ष वडा नं १ | सदस्य |
| | कमल बहादुर क्षत्री | वडाध्यक्ष वडा नं २ | सदस्य |
| | भक्त बहादुर भण्डारी | वडाध्यक्ष वडा नं ३ | सदस्य |
| | जुद्ध बहादुर बुढा | वडाध्यक्ष वडा नं ४ | सदस्य |
| | भीम बहादुर रोकाया | वडाध्यक्ष वडा नं ५ | सदस्य |
| | तेजेन्द्र कार्की | वडाध्यक्ष वडा नं ६ | सदस्य |
| | ध्रुबबिक्रम शाही | वडाध्यक्ष वडा नं ७ | सदस्य |
| | मनराम ठकुल्ला | वडाध्यक्ष वडा नं ८ | सदस्य |
| | सुवास कठायत | वडाध्यक्ष वडा नं ९ | सदस्य |
| | हर्षरुप महत | वडाध्यक्ष वडा नं १० | सदस्य |
| | भद्र बहादुर कार्की | वडाध्यक्ष वडा नं ११ | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| | हैता रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | कली भण्डारी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | सरस्वती बुढा | कार्यपालिका सदस्य महिला | सदस्य |
| | पुतली देवी रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | बिष्णु कुमारी डाँगी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | दिलमाया वि.क. | कार्यपालिका सदस्य दलित | सदस्य |
| | प्रिती सार्की | कार्यपालिका सदस्य दलित | सदस्य |
| | काजिमान वि.क. | कार्यपालिका सदस्य दलित | सदस्य |
| | डिल प्रसाद रोकाया | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | दलवीर कठायत | | |
| | सुनिल गुरुङ | | |
| | डिल्लीराम तिमिल्सेना | | |

**नगर कार्यपालिका बैठकका प्रस्तावहरु:-**

१. आगामी नगरसभाको मिति तोक्ने सम्बन्धमा।

२. नीति तथा कार्यक्रम सम्बन्धमा।

३. विनियोजन विधेयक सम्बन्धमा।

४. राजश्व र व्ययको अनुमान बजेट सम्बन्धमा।

५. विविध प्रशासनिक निर्णय सम्बन्धमा।

६. अनुमोदन सम्बन्धमा।

७. कार्यपालिकाले गरेका निर्णय सदर गर्ने सम्बन्धमा।

८. बजेट तथा योजनामा नागरिक संलग्न नीति छलफल गरी पास गर्ने सम्बन्धमा।

९. वहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा।

CamScanner

## निर्णयहरु:

### निर्णय नं. १

यस नगरपालिकाको १५ औं नगर सभा अधिवेशन निम्न कार्यक्रमहरु निम्न मितिमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स | विवरण | मिति |
|---|---|---|
| १ | नीति तथा कार्यक्रम पेश गर्ने र छलफल | मिति २०८२।०३।०६ |
| २ | बजेट पेश गर्ने | मिति २०८२।०३।०६ |

### निर्णय नं २

यस ठूलीभेरी नगरपालिकाले आगामी आ ब २०८२।८३ को लागि अबलम्बन गर्ने नीति तथा कार्यक्रम यस बैठकमा पेश भयो । नीति तथा कार्यक्रम उपर दफाबार छलफल गरियो । आगामी २०८२।०३।६ गते हुने १५ औं नगरसभामा पेश गर्ने गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

यस ठूलीभेरी नगरपालिकाको १५ औं नगरसभामा पेश गर्ने प्रयोजनका लागि कार्यपालिकाको आजको बैठकमा पेश हुन आएको बिनियोजन विधेयक २०८२ उपर दफाबार छलफल गरियो। विनियोजन विधेयक २०८२ आगामी २०८२।०३।०६ गते हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं ४

यस ठूलीभेरी नगरपालिकाले आगामी आ ब २०८२।८३ का लागि कार्यान्वयन गर्ने राजश्व र व्ययको अनुमान स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको सिमाङ्कन संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त अनुदानको आधारमा बजेट तयार गरि कार्यपालिका हुदै नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**बार्षिक बजेट**

| शिर्षक | बजेट रु | प्रतिशत |
|---|---|---|
| जम्मा बजेट | | १००% |
| चालु खर्च | | |
| पूँजिगत खर्च | | |

CamScanner

**निर्णय नं. ५**

यस नगरपालिकाको चालु आ व २०८१।८२ को हालसम्म भएको आम्दानी र खर्चको विवरण, रकमान्तरको विवरण, संशोधनको विवरण बैठकमा पेश भयो । हालसम्म भएको आम्दानी खर्च रकमान्तर र संशोधनलाई पारित गरी नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको चालु आ.व. २०८१।०८२ पहिलो चौमासिक देखि हालसम्म भएको आम्दानी र खर्चको विवरण, रकमान्तरको विवरण, संशोधनको विवरण बैठकमा पेश भयो । हालसम्म भएको आम्दानी खर्च रकमान्तर र संशोधनलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसहमत पारित गरियो।

**निर्णय नं. ७**

यस ठूलीभेरी नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को श्रावण महिना देखि हालसम्म कार्यपालिकाबाट भएका निर्णयहरु आगामी नगर सभाबाट सदर गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

निर्णय नं ८ माथि छलफल गर्दा ठूलीभेरी नगरपालिकाको नागरिक संलग्नता नीतिको मस्यौदा प्रस्तुतिकरण, छलफल र सुझाव संकलन गरी सहजकर्ताहरुले अन्तिम मस्यौदा तयार गरी कार्यपालिकामा पेश भएकोले कार्यपालिकाबाट नागरिक संलग्नता नीति पास गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

निर्णय नं ९ माथि छलफल गर्दा वहुक्षेत्रिय पोषण कार्यक्रमको पोषण सुधारको लागि आ.व. २०८१।०८२ मा सुनौला हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि ठूलीभेरी नगरपालिका वडा नं. ५ मा उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो । साथै प्रत्येक सुनौला हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि रु. .................. दिने निर्णय गरियो।

CamScanner